नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोशी अस्पताल

बिराटनगर

email-hospitalkoshi@gmail.com

**अस्पताल सेवा संचालनका लागि आवश्यक पर्ने आर्मोड केवल खरिदको लागि इ-विडिङ्ग मार्फत शिलवन्दी वोलपत्र आव्हानको सूचना**

**प्रथम पटक सुचना प्रकाशन मितिः-२०७९।०५।०५**

यस अस्पतालमा आ.ब. २०७९/०८० को लागि आर्मोड केवलको वोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त फर्म कम्पनी तथा आधिकारिक विक्रेतावाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी वोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | सामानको बिबरण | धरौटी रकम | बोलपत्र फाराम खरिद रकम | लागत अनुमान रकम रु. ( मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| ०६ | 4 core X 300 $mm^2$ cupper Armoured XLPE Cable | रु. ९५०००।०० | रु.३०००।०० | रु.३३,०७,४२५।०० | |

तपशिल

१. यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र रु ३०००.०० राजस्व शिर्षक नं. १४२२९ राजस्व खाता नं. ०१००२०१२७७००९०१६ कार्यालय कोड नं ३७०००१३०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ सम्लग्न राख्नुपर्ने (पछी फिर्ता नहुनेगरी) संलग्न गरी आ.ब. २०७८/०७९ सम्मको नबिकरण भएको संबन्धित विषयमा कारोबार गर्न इजाजत पाउने फर्म वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.ब.२०७८/०७९ को करचुक्ता प्रमाणपत्र, खरिद कार्यमा अयोग्य नभएको, स्वार्थ नबाझिएको र ब्यबसाय सम्बन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको व्यहोरा खुल्ने निबेदनको नोटरी प्रमाणित संलग्न राखी bolpatra.gov.np मार्फत अनलाइन इन्ट्री गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजे सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाण्डौको eGP Portal : bolpatra.gov.np मा प्रविष्ट गर्न सकिने छ । म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु सोहि दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस अस्पतालमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र फाराम खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ।

४. बोलपत्रदाताले बोलपत्र जमानत वापत नगद जमानत भए को.ले.नि.का. मोरंगको कृषि बिकास बैक विराटनगरको धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ कार्यालय कोड नं ३७०००१३०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ सम्लग्न राख्नु पर्नेछ र वैक जमानत भए कम्तिमा १२० दिन म्याद अवधी भएको वाणिज्य बैंक (क श्रेणी) वाट यस अस्पतालको नाममा जारी भएको बैंक जमानत (विडवण्ड) वोलपत्र साथ संलग्न राख्नुपर्ने छ । वोलपत्र स्विकृत भएमा स्वीकृत भएको सुचना दिएको १५ दिन भित्र कुल कवोल अंकको

क्रमश:......

५% ले हुन आउने रकम कार्य सम्पादन जमानत वापत क श्रेणीको वाणीज्य बैंकवाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वा माथी उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको भौचरको सक्कल प्रति पेश गर्नु पर्नेछ । नगद जमानत राखेकोमा पछि बैंक जमानतमा परिणत गर्न पाईने छैन ।

५. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त वोलपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहने छ ।

६. आपुर्तीकर्ताले आपूर्ती गर्ने सामान (4 core X 300 mm$^2$ cupper Armoured XLPE Cable) ले नेपाल गुणस्तर चिन्ह प्राप्त गरेको हुनु पर्नेछ ।

७. रित नपुगी प्राप्त बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. वोलपत्र स्वीकृत भई कार्यालयले जारी गरेको खरिद आदेशमा उल्लेखित अवधि भित्र सामानहरु उपलब्ध गराउनु पर्ने छ।

९. आपूर्ती गरिने सामानहरु तोकीएको समयमा वुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१०. यो सुचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

डा. यज्ञराज खरेल
निमित्त मेडिकल सुपरिटेन्डेन्ट